म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६६/०७०

वर्षः१७ अङ्कः- १७० २०८३ वैशाख ३० गते बुधबार 13 May 2026, Wednesday पृष्ठ ४ मूल्य रू. ५/-

## खैरो हेरोईनसहित ४ जना पक्राउ




हेटौंडा : लागूऔषध खैरो हेरोईनसहित मकवानपुर प्रहरीले ४ जनालाई पक्राउ गरेको छ। सोमबार विशेष सूचनाका आधारमा बकैया-७ स्थित विजय भोलनको घरबाट उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

पक्राउ पर्नेमा स्थानीय ३४ वर्षीय विजय भोलन र २३ वर्षीय विशाल लोप्चन रहेका छन्। यस्तै बकैया-३ का ३४ वर्षीय संजिव लामा र बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिका-१६ का १९ वर्षीय विजय मोक्तान छन्। प्रहरीका अनुसार उनीहरुको साथबाट ३ ग्राम २८० मिलिग्राम खैरो हेरोईन बरामद भएको हो। उनीहरुलाई नियन्त्रणमा राखी मकवानपुर जिल्ला अदालतबाट लागूऔषध कसुर मुद्दामा म्याद अनुमती लिई थप अनुसन्धान कार्य भइरहको प्रहरीले जनाएको छ।

## एसईई-२०८२ : मकवानपुरको नतिजामा सुधार

# ४ सामुदायिकको नतिजा शून्य, ६ संस्थागतको शतप्रतिशत

बसन्त भण्डारी

हेटौंडा : राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ को नतिजामा मकवानपुर जिल्लाले अघिल्लो वर्षको तुलनामा केही सुधार गरेको देखिए पनि समग्र नतिजा अझै राष्ट्रिय औसतभन्दा कमजोर देखिएको छ। जिल्लाका कुल परीक्षार्थीमध्ये आधाभन्दा बढी विद्यार्थी ग्रेडेड भएका छन् भने चार विद्यालयको नतिजा शून्य आएको छ। शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका अनुसार जिल्लाबाट एसईईमा सहभागी पाँच हजार पाँच सय २७ विद्यार्थीमध्ये दुई हजार आठ सय १८ जना अर्थात् ५० दशमलव ९९ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् भने दुई हजार सात सय ९ जना अर्थात् ४९ दशमलव ०१ प्रतिशत विद्यार्थी ननग्रेडेड भएका छन्।

गत वर्ष मकवानपुरको ग्रेडेड प्रतिशत ४६ दशमलव ८६ रहेको थियो। यस आधारमा यस वर्ष करिब चार प्रतिशतले सुधार देखिएको छ। तर राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार देशभर करिब ६१ प्रतिशत विद्यार्थी कक्षा ११ मा भर्ना हुन योग्य भएका छन्। शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका प्रमुख सुदिप गिरीले समग्रमा नतिजा सुधार भए पनि प्रदेश र राष्ट्रिय औसतको तुलनामा मकवानपुरको नतिजा अझै कमजोर रहेको बताउनुभयो। शून्य नतिजा ल्याउने विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग छलफल गरेर सुधार योजना बनाइने जानकारी दिनुभयो।

यस वर्ष पनि जिल्लाका केही विद्यालयको अवस्था अत्यन्त कमजोर देखिएको छ। राक्सिराङ गाउँपालिकाका तीन र भीमफेदी गाउँपालिकाको एक विद्यालय गरी चार विद्यालयको नतिजा शून्य आएको छ। शिक्षा विकास तथा समन्वय इकाइका अनुसार राक्सिराङ गाउँपालिका-४ स्थित कालिका माध्यमिक विद्यालय, राक्सिराङ-६ स्थित राष्ट्रिय माध्यमिक विद्यालय, राक्सिराङ-८ स्थित माध्यमिक विद्यालय देवीटार तथा भीमफेदी गाउँपालिका-८ स्थित पञ्चकन्या माध्यमिक विद्यालयबाट सहभागी कुनै पनि विद्यार्थी ग्रेडेड हुन सकेनन्। गत वर्ष जिल्लाका सात विद्यालयको नतिजा शून्य आएको थियो। यस वर्ष संख्या घटे पनि दुर्गम क्षेत्रका विद्यालयमा देखिएको कमजोर नतिजाले सामुदायिक शिक्षाको अवस्था अझै चुनौतीपूर्ण रहेको संकेत गरेको छ।

राक्सिराङ गाउँपालिका-४ स्थित कालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक सुजन कुमार मुक्तानले विद्यालयको कमजोर नतिजा अपेक्षित नै रहेको प्रतिक्रिया दिनुभयो। विद्यालयमा विद्यार्थी संख्या न्यून हुनु, शिक्षक दरबन्दी अभाव, सिकाइ वातावरण कमजोर हुनु र अभिभावकको पर्याप्त निगरानी नहुनु प्रमुख समस्या रहेको बताउनुभयो। ग्रामीण परिवेश, मोबाइलको दुरुपयोग र विद्यार्थीको अध्ययनप्रतिको कमजोर रुचाले पनि नतिजामा असर गरेको बताउनुभयो। "जिम्मेवार सबै पक्ष छन्, विद्यालयले पनि आत्मसमीक्षा गर्नुपर्छ," भन्नुभयो। विद्यालयमा यस वर्ष एसईई दिने एक जना मात्रै विद्यार्थी रहेकामा उनी पनि ग्रेडेड हुन सकेनन्। विद्यार्थी संख्या न्यून भएपछि गाउँपालिकाले विद्यालयको तहसमेत घटाइसकेको बताउनुभयो। अघिल्लो वर्ष पनि विद्यालयको नतिजा शून्य रहेको थियो।

> **एसईईमा मकवानपुरका १३ जना विद्यार्थीले ४ जीपीए प्राप्त गरेका छन्। सामुदायिक विद्यालयका २ जना र संस्थागत विद्यालयका ११ जना विद्यार्थीले ४ जीपीए ल्याएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीले जानकारी दिनुभयो। गत वर्ष मकवानपुर जिल्लाबाट ५ जनाले मात्रै ४ जीपीए ल्याएका थिए।**

कमजोर नतिजाबीच केही विद्यालयले भने उत्कृष्ट सफलता हासिल गरेका छन्। मकवानपुरगढी गाउँपालिका अन्तर्गतको शारदा माध्यमिक विद्यालयले गत वर्ष शतप्रतिशत नतिजा ल्याएको थियो। यस वर्ष भने विद्यालयले अपेक्षाअनुसार नतिजा ल्याउन सकेन। विद्यालयका २७ विद्यार्थीमध्ये १८ जना मात्रै ग्रेडेड भएका छन्। विद्यालयका प्रधानाध्यापक इन्द्रबहादुर कार्कीले विद्यार्थीहरूको समग्र जीपीए राम्रो भए पनि कम्प्युटर विषयमा अनपेक्षित रूपमा धेरै विद्यार्थी ननग्रेडेड भएको बताउनुभयो। विद्यालयले नियमित अभ्यास परीक्षा, अतिरिक्त अभ्यास र पृष्ठपोषण प्रणाली सञ्चालन गरे पनि नतिजा अपेक्षाअनुसार नआएको भन्दै पुनर्योगको तयारी भइरहेको जानकारी दिनुभयो।

एसईईमा मकवानपुरका १३ जना विद्यार्थीले ४ जीपीए प्राप्त गरेका छन्। सामुदायिक विद्यालयका २ जना र संस्थागत विद्यालयका ११ जना विद्यार्थीले ४ जीपीए ल्याएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीले जानकारी दिनुभयो। गत वर्ष मकवानपुर जिल्लाबाट ५ जनाले मात्रै ४ जीपीए ल्याएका थिए। हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय र हेटौंडा-५ स्थित बालज्योति माध्यमिक विद्यालयबाट एक-एक जना विद्यार्थीले ४ जीपीए ल्याएका छन्। यस्तै संस्थागत विद्यालयतर्फ हेटौंडा-४ स्थित नवोदय शिशु सदन र हेटौंडा-५ स्थित जीएस निकेतनबाट ३-३ जना विद्यार्थीले ४ जीपीए ल्याउँदा हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूल र हेटौंडा-४ स्थित व्रह्मदिक् एकेडेमीबाट २-२ जना विद्यार्थीले ४ जीपीए ल्याएका छन्। यस्तै हेटौंडा-१३ स्थित फेमकोल एकेडेमीबाट १ जना विद्यार्थीले ४ जीपीए ल्याएका छन्।

मकवानपुरबाट ३.६ देखि ४ जीपीए ल्याउने विद्यार्थी ४ सय ३६ जना छन्। ३.२ जीपीएदेखि ३.६ जीपीए ल्याउने ७ सय ८९ जना, २.८ जीपीएदेखि ३.२ जीपीए ल्याउने ९ सय ८२ जना विद्यार्थी छन्। २.४ जीपीएदेखि २.८ जीपीए ल्याउने विद्यार्थी ५ सय ५५ जना छन्। २ जीपीएदेखि २.४ जीपीए हासिल गर्ने विद्यार्थी ४३ जना रहेका छन्।

मकवानपुर जिल्लाका ६ वटा संस्थागत विद्यालयको नतीजा शतप्रतिशत आएको छ। हेटौंडा उपमहानगरका ३ वटा र थाहा नगरका ३ वटा विद्यालयले शतप्रतिशत नतीजा हासिल गरेको शिक्षा विकास तथा समन्वय इकाईले जानकारी दिएको छ। हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-५ स्थित ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालय, हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल सेकेण्डरी स्कूलको शतप्रतिशत नतीजा आएको छ। यस्तै थाहा नगरपालिकास्थित पालुङ इंग्लिस आवासीय स्कूल, पालुङ मोडर्न इंग्लिस मिडियम स्कूल र पालुङ भ्याली हर्ट एकेडेमीले शतप्रतिशत नतीजा हासिल गरेको छ। बालजागृतिबाट १ सय २ जना, ज्ञानोदयबाट १६ जना, तुलसीमेहरबाट ६१ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए। पालुङ इंग्लिसबाट ७ जना, पालुङ मोडर्नबाट १३ जना र पालुङ भ्यालीबाट १९ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए।

हेटौंडा-१० स्थित तुलसीमेहर माध्यमिक विद्यालयका प्रिन्सिपल टिका प्रसाद सापकोटाले शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनबीचको समन्वय, नियमित अतिरिक्त कक्षा तथा विद्यार्थीलाई निरन्तर मार्गदर्शन गरिएकाले सफलता हासिल भएको बताउनुभयो। थाहा नगरपालिका-१ स्थित पालुङ भ्याली हार्ट एकेडेमीका प्रिन्सिपल सुरेन्द्रमान प्रधानका अनुसार विद्यालयले विद्यार्थीको कमजोरी पहिचान गरी अभिभावकसँग निरन्तर समन्वय, अतिरिक्त कक्षा, सकारात्मक काउन्सिलिङ तथा सूचना प्रविधिमा आधारित निगरानी प्रणाली लागू गरेको थियो।

शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका अनुसार यस वर्ष जिल्लाका सामुदायिक १०५ र संस्थागत ३७ गरी कुल १४२ विद्यालयका विद्यार्थी एसईई परीक्षामा सहभागी भएका थिए। जिल्लामा केही विद्यालयले उत्कृष्ट नतिजा हासिल गरे पनि दुर्गम क्षेत्रका सामुदायिक विद्यालयमा लगातार कमजोर नतिजा आउनुले शिक्षा प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ। शिक्षक अभाव, कमजोर पूर्वाधार, अभिभावकको कम चासो, सिकाइ वातावरणको समस्या र स्थानीय तहको प्रभावकारी हस्तक्षेप अभावजस्ता कारण सुधारको मुख्य चुनौतीका रूपमा देखिएका छन्।



# सम्पादकीय

## प्रदेश राजधानी सार्थक बन्दै

बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेश सरकारको एकीकृत प्रशासनिक संरचना निर्माण अघि बढ्ने सम्भावना बढेको छ । संरचना निर्माण गर्न लागेको जमिनको भोगाधिकार र रुख कटानको स्वीकृतिपछि प्रदेश सरकारको वर्षौंदेखिको योजना कार्यान्वयनको चरणमा पुगेको हो । संघीय सरकारको वन तथा भू-संरक्षण विभाग र प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयबिच संरचना निर्माण गर्ने भनिएको ठाउँमा रहेको वनको जग्गा उपभोगका लागि अन्तिम सम्झौता सम्पन्न भएको छ । सम्झौतासँगै प्रदेश सरकारले वन क्षेत्रको रुख कटान र संरचना निर्माण अघि बढाउन सकिने भएको छ । प्रदेश सरकारको लामो प्रयासपछि हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१६ र १७ मा रहेको ३१.०२ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रदेश सरकारले प्रशासनिक भवन निर्माणका लागि प्रयोग गर्ने गरी भोगाधिकार प्राप्त गरेको थियो । दुई वटा सामुदायिक वनको क्षेत्रसँगै विद्यालय र सार्वजनिक जग्गासमेत भोगाधिकारको निर्णय २०८२ चैत १ गतेको मन्त्रिपरिषद्ले गरेको थियो ।

मन्त्रालयका लागि आवश्यक भवनहरु निर्माणका लागि भोगाधिकार प्राप्त भएको जमिनमा विभिन्न प्रजातिका ५ हजार २२६ वटा रुख कटान गर्न अनुमति पाइसकेको छ । वन क्षेत्रका रुख कटान गर्नुपर्ने भएकाले सो बराबरको नयाँ विरुवा रोप्न र हुर्काउन प्रदेश सरकारले ३ करोड ४१ लाख रुपैयाँ वन विकास कोषमा जम्मा गरेको छ । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले चालु आर्थिक वर्षबाट रुख कटान र जग्गा व्यवस्थापनको काम गर्ने भएको छ । वन क्षेत्रको जग्गा उपयोग गर्नुपर्ने भएकाले विभिन्न प्रकारका कानुनी र प्रक्रियागत अड्चनहरुले जग्गा प्राप्तिमा विलम्ब भएको थियो ।


२०७६ सालदेखि एकीकृत प्रशासनिक संरचना निर्माणका लागि प्रदेश सकारले हेटौंडाको विभिन्न क्षेत्रमा खाली जग्गाको खोजी गरेको थियो । केही ठाउँमा आवश्यक जग्गा पहिचान गरेको भए पनि प्रशासनिक संरचना निर्माणका लागि अहिले भोगाधिकार प्राप्त जग्गालाई उपयुक्त ठह-याएर जग्गा प्राप्तिको प्रक्रिया अघि बढाइएको थियो । लामो समयसम्म कानुनी प्रक्रियामा अल्झिएर ठोस निर्णय हुन नसकेको उक्त योजनालाई संघीय मन्त्रिपरिषद् बैठकले टुंग्याएसँगै संरचना निर्माणको बाटो खुलेको हो । आफ्नै प्रशासनिक भवनहरु नहुँदा प्रदेश सरकारले विगतका संघीय सरकारको भवन तथा भाडाका घरमा मन्त्रालय तथा अन्य कार्यालय सञ्चालन गर्दै आइरहेको छ । सरकारले हरेक वर्षको नीति तथा कार्यक्रम र बजेटमा प्रशासनिक संरचना निर्माणका लागि बजेट विनियोजन गर्दै आएको भए पनि जग्गा सुनिश्चित नहुँदा बजेट खर्च हुन सकेको थिएन ।

प्रदेश सरकारले प्रशासनिक संरचना निर्माणका लागि जग्गा प्राप्त गरेसँगै विभिन्न ठाउँमा छरिएर रहेका प्रदेश सरकारका मन्त्रालयहरु एकै ठाउँमा बनाइनेछ । राष्ट्रिय योजना आयोगले बागमती प्रदेशको प्रशासनिक संरचना निर्माण आयोजनालाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गर्ने निर्णय गरेपछि जग्गाको भोगाधिकार टुंगो लागेको थियो । प्रदेश सरकारले मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय, प्रदेशसभा भवन, सुरक्षा निकाय, लोकसेवा आयोग, नीति तथा योजना आयोग, बैंक, क्याफेटेरिया र शिशु स्याहार केन्द्रसहित २५ वटा आधुनिक संरचनाहरु निर्माण गर्नेगरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरिसकेको भए पनि त्यसमा केही परिवर्तन गर्ने भएको छ । राष्ट्रिय भवन संहितामा आएको परिवर्तन र प्रदेशमा मन्त्रालयको संख्या कटौतीको निर्णयले पुरानो डिजाइनमा परिमार्जन गर्न लागिएको हो । आफ्नै व्यवस्थित प्रशासनिक भवन निर्माण भएमा प्रदेश सरकारलाई दैनिक प्रशासनिक कार्य र सेवा प्रवाह गर्न सहज हुनुका साथै प्रदेश राजधानीले पनि सार्थकता पाउने आशा गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : परिबन्ध र बाध्यताका काममा रुमल्लिनु पर्ला । |
| **वृष** | : सहयोग र तत्परता देखाइने समय योग छ । |
| **मिथुन** | : शंका र डरले मनमा सताउने समय योग छ । |
| **कर्कट** | : आध्यात्मिक क्षेत्रबाट लाभ प्राप्त हुने समय छ । |
| **सिंह** | : एकोहोरिएर शिक्षादीक्षाका काममा लागिएला । |
| **कन्या** | : व्यापार–व्यवसायबाट लाभ प्राप्त हुनेछ । |
| **तुला** | : पढाइमा बिचलन आउने समय योग छ । |
| **वृश्चिक** | : कडा परिश्रमले उत्कृष्ट नतिजा हात पर्नेछ । |
| **धनु** | : सानो प्रयासले भाग्योदयमा राम्रो रहनेछ । |
| **मकर** | : विद्यार्थीमा उच्छृङ्खलता बढ्ने बढ्ने समय छ । |
| **कुम्भ** | : लेखाइ–पढाइ मध्यमकारक मान्नुपर्दछ । |
| **मीन** | : लगानी र कारोबारप्रति सचेतता अपनाउनु पर्ला । |

# निवृत्त जीवन : अन्त्य होइन, नयाँ सुरुआत



खेमराज सापकोटा

जीवन कुनै सिधा रेखा होइन, यो त घुमाउरो बाटो, अनगिन्ती मोड, उकालो-ओरालो, उज्याला-अँध्याराका बीच बगिरहने एउटा अविरल यात्रा हो । कहिलेकाहीँ कुनै मोडमा आइपुग्दा लाग्छ अब यात्रा टुङ्गियो । तर नियालेर हेर्दा थाहा हुन्छ, त्यहीँबाट अर्को बाटो खुलिरहेको हुन्छ, अर्को अध्याय सुरु भइरहेको हुन्छ । शिक्षकको जीवनको लामो साधनापछि आउने 'निवृत्ति' पनि त्यस्तै एउटा मोड हो, जहाँ अन्त्यको आभास हुन्छ, तर वास्तविकता नयाँ सुरुआतको उद्घोष हो ।

मेरो जीवनका चौबिस वर्ष कक्षाकोठाभित्र बिते । श्यामपट्टामा अक्षर कोर्दै, चकको धुलोसँगै सपनाहरू उडाउँदै, बालमस्तिष्कमा ज्ञानका बीउ रोप्दै । ती वर्षहरू केवल पेशागत समय थिएनन्; ती त जीवनका सर्वाधिक पवित्र क्षण थिए । प्रत्येक घण्टीको आवाजसँगै सुरु हुने पाठ केवल पाठ्यपुस्तकको सीमा भित्र थिएन; त्यो त जीवनको पाठ थियो; अनुशासन, परिश्रम, नैतिकता र मानवताको । कुनै विद्यार्थीको आँखा चम्कँदा, कुनै असफल बालकले सफलताको पहिलो खुड्किलो टेक्दा, कुनै अभिभावकको अनुहारमा कृतज्ञताको झिल्को देख्दा, यी सबैले मेरो शिक्षक जीवनलाई अर्थपूर्ण बनाइदिए ।

समय आफ्नो गतिमा अघि बढिरहन्छ । एक दिन आयो औपचारिक जिम्मेवारीबाट बिदा लिने दिन । धेरैले यसलाई विश्रामको दिन भन्छन्, तर मेरा लागि त्यो दिन एउटा नयाँ यात्राको सुरुआत थियो । 'अब के ?' भन्ने प्रश्नले मनमा ढोका ढक्ढकायो र त्यसै प्रश्नले नयाँ सम्भावनाहरूको उज्यालो देखायो । निवृत्ति अन्त्य होइन; यो त जीवनलाई नयाँ अर्थमा बाँच्ने अवसर हो भन्ने अनुभूति त्यहीँबाट सुरु भयो । चौध वर्षको निवृत्त जीवनले मलाई सिकायो–शिक्षक कहिल्यै निवृत्त हुँदैन । ऊ केवल आफ्नो भूमिकाको रूप बदल्छ । कक्षाकोठाको चार पर्खालबाट बाहिर निस्केर ऊ समाजकै विशाल कक्षामा प्रवेश गर्छ । अब उसका विद्यार्थी केवल बालबालिका मात्र हुँदैनन्; समाजका युवा, अभिभावक र हरेक चेतनशील नागरिक उसका सहयात्री बन्छन् ।

निवृत्त जीवनले दिएको सबैभन्दा ठूलो उपहार समय हो; आफ्नो अनुभवलाई समाजमा बाँड्ने समय । मैले देखेँ, गाउँका धेरै बालबालिका अझै पनि गुणस्तरीय शिक्षाबाट वञ्चित छन् । त्यहाँ एउटा निवृत्त शिक्षकको उपस्थिति नै उज्यालो बन्न सक्छ । निःशुल्क ट्युसन, सानो पुस्तकालय, बालबालिकासँगको संवाद, यी साना प्रयासहरूले ठूलो परिवर्तन ल्याउन सक्छन् । मैले जहाँ-जहाँ पुगेँ, त्यहाँ शिक्षाको अवस्थालाई नजिकबाट नियालेँ । नेपालको विभिन्न जिल्ला घुम्दा मैले देखेको विविधता केवल भौगोलिक मात्र होइन, शैक्षिक पनि थियो । कतै सुविधा थियो, कतै अभाव; तर आशा भने सबै ठाउँमा थियो ।

> निवृत्त जीवन सामाजिक सेवाको सुनौलो अवसर पनि हो । सहकारी संस्था, सामाजिक क्लब, विभिन्न संघ-संस्थाहरुमा सक्रिय भई समाजको विकासमा योगदान दिन सकिन्छ । अनुभव र इमान्दारिताले यस्ता संस्थाहरुलाई सही दिशामा अघि बढाउन सकिन्छ । समाजले यस्ता अनुभवी व्यक्तित्वको आवश्यकता सधैं महसुस गरिरहेको हुन्छ ।

हामीले हाम्रा शैक्षणिक अनुभवलाई होस् या यात्रानुभूतिलाई होस् प्रेरणादायक अनुभवीय दस्तावेजको रुपमा साहित्य र कला मार्फत समाजमा पस्कन सकियो भने त्यो सामग्री आगामी पुस्ताका लागि महत्वपूर्ण खुराक बन्न पनि सक्छ । हामीले शिक्षकीय जीवनमा जे जस्ता ज्ञान, सीप र अनुभव हासिल गरेका छौं, त्यसमार्फत समाज विकासमा योगदान गर्न सक्ने महत्वपूर्ण अवसरको रुपमा लिनपनि सकिन्छ । नयाँ पुस्ताका शिक्षकहरूसँग भेट हुँदा मलाई आफ्नै प्रारम्भिक दिनहरूको सम्झना आउँछ । उनीहरू उत्साही छन्, तर कहिलेकाहीँ अनुभवको कमीले अन्योलमा पर्छन् । त्यस्तो बेला निवृत्त शिक्षकको सानो मार्गदर्शन पनि ठूलो सहारा बन्न सक्छ । शिक्षण केवल किताबको ज्ञान होइन; त्यो त अनुभवले परिपक्व बनाएको कला हो । कक्षामा कसरी प्रस्तुत हुने, विद्यार्थीको मनोविज्ञान कसरी बुझ्ने, अनुशासन र माया बीच सन्तुलन कसरी राख्ने ? यी सबै कुरा जीवनले सिकाएको पाठ हुन् ।

निवृत्त जीवन सामाजिक सेवाको सुनौलो अवसर पनि हो । सहकारी संस्था, सामाजिक क्लब, विभिन्न संघ-संस्थाहरूमा सक्रिय भई समाजको विकासमा योगदान दिन सकिन्छ । अनुभव र इमान्दारिताले यस्ता संस्थाहरूलाई सही दिशामा अघि बढाउन सकिन्छ । समाजले यस्ता अनुभवी व्यक्तित्वको आवश्यकता सधैं महसुस गरिरहेको हुन्छ । यससँगै धार्मिक र साँस्कृतिक क्षेत्र पनि हाम्रो जीवनको अभिन्न हिस्सा हो । वर्षौंको व्यस्ततावीच अधुरा रहेका धार्मिक कर्तव्यहरू अब पूरा गर्न सकिन्छ । मन्दिर, गुम्बा, मठ-मन्दिरहरूमा सेवा, धार्मिक ग्रन्थहरूको अध्ययन, सत्सङ्गमा सहभागिता; यी सबैले मनलाई शान्ति दिन्छन् र जीवनलाई आध्यात्मिक गहिराइ दिन्छन् । हाम्रो संस्कृति, परम्परा र मूल्यहरूलाई नयाँ पुस्तासम्म पुऱ्याउनु पनि निवृत्त शिक्षकको महत्वपूर्ण दायित्व हो । चाडपर्वहरूको महत्व, संस्कारहरूको अर्थ, परम्पराको गरिमा–यी सबै कुरा पुस्तान्तरणको माध्यमबाट जोगिन सक्छन् ।

निवृत्त जीवन आत्मचिन्तनको समय पनि हो । योग र ध्यानमार्फत शरीर र मनलाई सन्तुलित राख्न सकिन्छ । जीवनभर अरूलाई मार्गदर्शन गर्दै हिँडेको मन अब आफूभित्रको शान्ति खोज्न सक्छ । बिहानको शान्त वातावरणमा गरिने ध्यान, श्वासप्रश्वासको लयसँगै आउने एकाग्रता, योगासनले दिने शारीरिक स्फूर्ति–यी सबैले जीवनलाई नयाँ ऊर्जा दिन्छन् । स्वस्थ शरीर र शान्त मन नै सक्रिय जीवनको आधार हो । परिवारभित्र पनि निवृत्त शिक्षकको भूमिका अझै महत्वपूर्ण हुन्छ । नातिनातिनाहरूलाई कथा सुनाउने, उनीहरूलाई संस्कार सिकाउने, परिवारलाई एकसूत्रमा बाँध्ने–यी सबै कामहरू अमूल्य छन् । शिक्षकको स्नेह र मार्गदर्शन घर भित्र पनि उत्तिकै आवश्यक हुन्छ । परिवार नै समाजको आधार हो र त्यस आधारलाई सुदृढ बनाउने जिम्मेवारी हामी सबैको हो ।

तर यति सबै सम्भावनाका बीच एउटा चुनौती सधैं उभिन्छ–मनको थकान । 'म अब बुढो भएँ', 'मेरो समय सकियो' भन्ने सोचले मानिसलाई भित्रैबाट कमजोर बनाउँछ । मैले पनि कहिलेकाहीँ यस्तो सोचसँग संघर्ष गरेँ । तर हरेक पटक आफूलाई सम्झाएँ, उमेर केवल अंक हो, ऊर्जा त सोचमा बस्छ । यदि सोच सकारात्मक छ भने, कुनै पनि उमेर नयाँ सुरुआत गर्न सक्ने समय हो । जीवनलाई नदीसँग तुलना गरिन्छ । नदी कहिल्यै रोकिन्न; कहिले शान्त, कहिले वेगवान, तर सधैं बगिरहन्छ । मेरो जीवन पनि त्यस्तै नदीजस्तै लाग्छ, कक्षाकोठामा बगेको एउटा चरण, सामाजिक क्षेत्रमा फैलिएको अर्को चरण । अब यो नदी अझ गहिरो, अझ फराकिलो हुँदै अघि बढिरहेको छ ।

मैले मेरो जीवनमा नेपालका ७६ वटा जिल्ला घुमें । प्रायः सम्पूर्ण नेपाललाई नजिकबाट नियालेँ । प्रत्येक ठाउँले केही न केही सिकायो–कहीँ सहनशीलता, कहीँ आत्मनिर्भरता, कहीँ सरलता । विदेशको छोटो बसाइले पनि संसार लाई फरक दृष्टिले हेर्न सिकायो । यी सबै अनुभवहरू आज मेरो सम्पत्ति बनेका छन्, र यही सम्पत्तिलाई समाजमा बाँड्नु नै मेरो साँचो कर्तव्य हो जस्तो लाग्छ । हामीले रोपेका ज्ञानका बीउहरू आज वृक्ष बनेका छन् । ती वृक्षहरूले समाजलाई छायाँ दिइरहेका छन्, फल दिइरहेका छन् । तर अझै धेरै बीउ रोप्न बाँकी छन् । निवृत्त जीवन त्यसैले विश्राम होइन, यो त निरन्तर कर्मको अर्को रूप हो । निवृत्ति जीवन सम्भावनाको खुला आकाश हो । यहाँ कुनै घेराबन्दी छैन, कुनै सीमा छैन । यहाँ हामीले आफूलाई नयाँ ढङ्गले चिन्ने अवसर पाउँछौं, नयाँ लक्ष्य तय गर्ने अवसर पाउँछौं । सेवा, सृजनशीलता र सकारात्मक सोचले यो जीवनलाई उज्यालो बनाउँछ ।

अन्ततः, जीवनको सार एउटै हो; सक्रिय रहनु, उपयोगी बन्नु, र अरूको जीवनमा उज्यालो थप्नु । यदि हामीले आफ्ना अनुभवलाई समाजको हितमा प्रयोग गर्न सक्यौं भने, जीवनको कुनै पनि चरण व्यर्थ हुँदैन । आउनुहोस्, हामी सबैले एउटै विश्वास बोकेर अघि बढौं, 'निवृत्त जीवन अन्त्य होइन, यो त नयाँ सुरुआत हो ।' यो सुरुआत यस्तो हो, जहाँ हाम्रो अनुभवले समाजलाई दिशा दिन्छ, हाम्रो सक्रियताले जीवनलाई अर्थ दिन्छ, र हाम्रो समर्पणले भविष्यलाई उज्यालो बनाउँछ ।

यस नयाँ यात्रामा थकान होइन, उत्साह बोकेर अघि बढौं;

निराशा होइन, आशा बोकेर अघि बढौं;

अन्त्य होइन, सुरुआतको उज्यालो बोकेर अघि बढौं ।

अहिलेलाई यत्ति !

हेटौंडा-११, मकवानपुर,
(स्वेच्छिक निवृत्त शिक्षक)

# देश विकास र समाज







**रोमन पौडेल**

देश वा राष्ट्र राजनीतिक भूगोल तथा अन्तर्राष्ट्रिय राजनीति अनुसार निश्चित सिमारेखा भित्रको भौगोलिक भूभाग हो । विकास भनेको विद्यमान अवस्थामा आउने सकारात्मक, व्यवस्थित र गुणात्मक परिवर्तन हो जसले मानिसको जीवनस्तरमा सुधार ल्याउन मद्दत गर्दछ । समाज भनेको समान संस्कृति, मूल्य-मान्यता र नियमहरू अङ्गालेर एकै स्थानमा वा सामूहिक रूपमा बसोबास गर्ने मानिसहरूको सङ्गठित समूह हो ।

देश विकास र समाज एक-अर्काका परिपूरक हुन् । विकसित देशमा समाज विकसित हुन्छ । एक विकसित समाजले विकसित देश निर्माणमा अत्यन्त महत्वपूर्ण भूमिका खेलेको देख्न सकिन्छ । जुन समाजमा शिक्षा, स्वास्थ्य जस्ता राज्यका आधारभूत सेवाहरूमा सबैको समान पहुँच पुगेको हुन्छ उक्त समाजले नै विकासको गतिलाई सबैभन्दा छिटो अङ्गाल्न सकेको हुन्छ ।

**देश विकास र समाजका केही मुख्य पक्षहरू निम्न छन् :**

**युवा जनशक्ति र विकास** : देशको भविष्य युवाको हातमा हुन्छ । शिक्षित युवाले समाजमा रहेका विकृतिहरू हटाउन र समाजलाई विकासको गतिमा लैजान महत्वपूर्ण योगदान दिन सक्ने भएकोले राज्यले युवाहरुको उचित विकास गर्न उनीहरूको आधारभूत आवश्यकतामा ध्यान दिन अतिआवश्यक रहेको देखिन्छ । समाज तथा देश विकास गर्न शिक्षित युवाहरूलाई राज्यल देशभित्रै उचित अवसर प्रदान गरी उनीहरूको सीप र दक्षता उपयोग मार्फत देश तथा समाजमा सकारात्मक परिवर्तन ल्याउन उचित कदम उठाउन आवश्यक छ ।

**सामाजिक मूल्य र मान्यता** : सामाजिक मूल्य र मान्यताले सामाजिक बन्धनलाई मजबुत बनाउन महत्वपूर्ण योगदान दिन सक्छ । सामाजिक मूल्य र मान्यतालाई सही र उचित ढंगले अपनाउन अपरिहार्य छ । सामाजिक कुरीतिहरुलाई विस्थापन गर्न सामाजिक मूल्य तथा मान्यताको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वैज्ञानिक रूपमा तर्जूमा गरिएका सामाजिक मूल्य र मान्यताले एक विकसित समाज बनाउन सक्दछ र यसको उपयोग मार्फत विकसित देश निर्माणमा सहजता ल्याउन सकिन्छ ।

**दिगो विकासका लक्ष्यहरू** : गरिबीको अन्त्य, भोकमरीको अन्त्य र स्वास्थ्य समाज निर्माण गर्न राज्यले आधारभूत सेवाहरू जस्तै शिक्षा, स्वास्थ्य, खाद्य, रोजगारी, लगायतमा सबै नागरिकको समान पहुँच कायम गर्ने किसिमले नीति निर्माण गरी असमानताको अन्त्य मार्फत गरिबी तथा भोकमरीको अन्त्य गरी दिगो विकासका लक्ष्य प्राप्तिमा ध्यान दिई समाज रुदेश विकासमा टेवा पुऱ्याउन ध्यान दिनु अतिआवश्यक छ ।

**ग्रामीण र समावेशी विकास** : राज्यले समाज र देश विकासका लागि ग्रामीण समाजमा बढी केन्द्रित भई उचित बजेट व्यवस्थापन मार्फत ग्रामीण समाजलाई विकासको गतिमा अघि बढाउन अतिआवश्यक नेपाल ग्रामीण समाजको एक हानी देश हो तसर्थ नेपालका ग्रामीण समाजमा राज्यले उचित बजेट व्यवस्थापन गरी पूर्वाधार तथा आधारभूत आवश्यकताहरुको विकास मार्फत सामाजिक विकासमा ध्यान दिनु आजको समयको माग हो ।

विकसित देशहरुको राजनीतिक नेतृत्वको कुरा गर्दा उक्त देशमा रहेका राजनीतिक नेतृत्वले जनताको सेवा मार्फत देशको विकासलाई महत्व दिइरहेको देख्न सकिन्छ । विकसित देशको राजनीतिक तत्वले जनताको जीवनशैली उकास्नका लागि राजनीति गरेकोले राजनीतिप्रति विकसित दशका नागरिकहरू चेतनशील रहेको कुरा उनीहरूले निर्वाचनमा जनाएको सहभागिताबाट प्रष्ट हुन्छ ।

नेपाली राजनीतिक नेतृत्वको कुरा गर्ने हो भने राजनीतिक नेतृत्व मुख्यतया सत्तामा केन्द्रित भई व्यक्तिगत स्वार्थ पूरा गर्नुमात्र केन्द्रित भएको बुझ्न सकिन्छ । सत्तामा पुगेर जनतासामु गरेको वाचा भुल्ने समस्याले गर्दा नेपाली जनताहरू देशको राजनीतिक अवस्थाप्रति निराशाजनक अवस्थामा पुगेको प्रष्ट हुने उदाहरण नै २०८२ फागुन २१ को निर्वाचनले देखाएको छ ।

समग्रमा भन्नुपर्दा राजनीतिक नेतृत्वले जनताको जीवनशैली परिवर्तन गर्न र देशको हितलाई सर्वोपरी राख्नु अति आवश्यक देखिन्छ । राजनीतिक पार्टीहरुले देशको हितलाई केन्द्रमा राखी सरकारलाई रचनात्मक समर्थन गर्दै देश विकासमा लाग्न सके नेपालको राजनीतिले जनतामा सकारात्मक सन्देश दिन्छ र देशमा स्थिरता कायम हुनेछ ।

# सुशासन

सुशासन राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो छरितो सरल एवं न्यायिक रूपमा उपलब्ध गराई आम नागरिकलाई शासनको सुखद अनुभुति दिलाउनुलाई नै भनिन्छ । सुशासन, सार्वजनिक संस्थाहरूले सार्वजनिक मामिलाहरू कसरी सञ्चालन गर्छन् र सार्वजनिक स्रोतहरू कसरी व्यवस्थापन गर्छन् भन्ने, मापन गर्ने प्रक्रिया हो । यसले मानव अधिकारको प्राप्तिलाई अनिवार्य रूपमा, दुरुपयोग र भ्रष्टाचारबाट मुक्त र कानूनको शासनको उचित सम्मानका साथ पालना गर्दछ । शासन भनेको "निर्णय लिने प्रक्रिया र निर्णयहरू कार्यान्वयन गर्ने (वा कार्यान्वयन नगर्ने) प्रक्रिया" हो । यस सन्दर्भमा शासन कर्पोरेट, अन्तर्राष्ट्रिय, राष्ट्रिय, वा स्थानीय शासन साथै समाजका अन्य क्षेत्रहरू बीचको अन्तरक्रियामा लागू हुन सक्छ ।

यस प्रकार "सुशासन" को अवधारणा अप्रभावी अर्थव्यवस्था वा राजनीतिक निकायहरूलाई व्यवहार्य अर्थव्यवस्था र राजनीतिक निकायहरूसँग तुलना गर्न एक मोडेलको रूपमा देखा पर्दछ । यो अवधारणा समाजमा चयनित समूहहरूको विपरित जनताको आवश्यकता पूरा गर्न सरकार र शासक निकायहरूको जिम्मेवारीमा केन्द्रित छ। किनभने प्रायः "सबैभन्दा सफल" भनेर वर्णन गरिएका देशहरू उदार-लोकतान्त्रिक राज्यहरू हुन्, जुन युरोप र अमेरिकामा केन्द्रित छन्, सुशासन मापदण्डहरूले प्रायः यी राज्यहरूको तुलनामा अन्य राज्य संस्थाहरूलाई मापन गर्दछ। सहायता संगठनहरू र विकसित देशका अधिकारीहरूले प्रायः "सुशासन" को अर्थलाई संगठनको एजेन्डा अनुरूप आवश्यकताहरूको सेटमा केन्द्रित गर्दछन्, यसर्थ "सुशासन" लाई धेरै फरक सन्दर्भहरूमा फरक रुपमा समावेश गरिन्छ ।

समाजमा; राजनीतिक, कानुनी र प्रशासनिक संस्थाहरू जसले नीतिहरू लागू गर्न र कार्यान्वयन गर्न सम्भव बनाउँदछ, यदि त्यस्ता सार्वजनिक वस्तुहरू जनसमुदायमा सहज रूपमा पहुँच हुँदा नै शासन, सुशासन बन्दछ। सुशासनले सरकारी संस्थाहरूको केही गुण मात्र होइन, निजी क्षेत्रका विभिन्न वर्गहरूसँग सरकारको अन्तरक्रियालाई पनि बुझाउँछ, र यसमा सरकारको मुख्य भुमिका भएपनि धेरै अवस्थामा व्यवसाय र स्वेच्छिक संगठनहरूसँग सहयोगको आवश्यकता छ ।

# नयाँ कक्षा



**सुविधा बस्नेत**

पहिलो चोटी पाइला टेक्दा मन मेरो रमायो
धेरैपछि साथी देख्दा मुहारभरि हाँसो छायो
पुरानो वर्ष बित्यो, नयाँ वर्ष फेरि आयो
नयाँ कक्षामा जाँदा झन् मन हर्षित बनायो

नयाँ किताब, नयाँ झोला बोकी विद्यालय आयौं
नयाँ साथीसँग भेट्दा खुसीले खेल्न र बोल्न पायौं
कक्षा कोठाभित्र हामीहरू पढ्छौं र खेल्छौं
साथीसँग खुसी हुँदै रमाई–रमाई डुल्छौं

हामी अब ठुलो भई जिम्मेवार बन्छौं
असल बानी सिकेर सबैको प्यारो हुन्छौं
मिहिनेत गरेर राम्रो बन्ने प्रयास गर्छौं
नयाँ कक्षामा खुसी हुँदै लेख्ने पढ्ने गर्नेछौं ।

**कक्षा-५, कमाने एकेडेमी, हेटौंडा-८**

# हिमाली सुन्दरता



**रितुका माझी**

नेपालमा सुन्दर हिमाल छन्
जसलाई मानिसहरु हेर्न आउँछन्
नहेरुन् पनि कसरी यति राम्रो हिमाल
जसले हेरे पनि भन्छन् आहा कति राम्रो हिमाल ।।

हामी स्वतन्त्र भएर बस्न पाउँ
यति सुन्दर हिमाली ठाउँमा
आहा कति राम्रो देश हाम्रो
जहाँ यति सुन्दर हिमाल छ राम्रो ।।

आहा कति अग्ला हिमाल छन्
जहाँ यति सुन्दर लालीगुँरास फूल्छन्
यहाँ सुन्दर मानिसहरु पनि छन् र
यति राम्रा जनावरहरु पनि छन् ।।

परदेशी होस् या नेपाली नै होओस्
यति सुन्दरताले भरिपूर्ण हिमाललाई
सबै मानिसहरुले राम्रो भनोस्
आहा कति सुन्दर हिमाल ।।

**कक्षा-१०, श्रमिक मावि, हेटौंडा-४**

# मेरी प्यारी शिक्षिका



**कृतिका अधिकारी**

सानासाना हातले राम्रो लेख्न सिकाउने
माया र दयाले सही बाटो देखाउने
दैनिक विद्यालयमा खुसी हुँदै आउने
हामीलाई सधै शिक्षा र ज्ञानको कुरा सिकाउने

घरकी आमा जस्तै दया माया गर्न सिकाउने
दुःखी हुँदा हौसला र गल्ती गर्दा सम्झाउने
असल काम गर्न हामीलाई सधैं सिकाउने
विद्यालय सधै आउन मन लगाउने

हाम्रो भविष्य उज्यालो बनाउन चाहानुहुन्छ
मेरी प्यारी शिक्षिका हामी सबैको प्यारी हुनुहुन्छ।

**कक्षा-५, कमाने एकेडेमी, हेटौंडा-८**

# पत्रकारिता कि बदनाम उद्योग ?



**निश्चल अधिकारी**

लोकतान्त्रिक राज्य व्यवस्थामा राज्य सञ्चालनका मुख्य तीन अंगहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका हुन्। व्यवस्थापिकाले कानुन बनाउँछ, कार्यपालिकाले कार्यान्वयन गर्छ र न्यायपालिकाले न्याय दिन्छ । तर यी तीन अंगले ठीक तरिकाले काम गरिरहेका छन् कि छैनन् भनेर हेर्ने, प्रश्न गर्ने र जनताको आवाज उठाउने काम सञ्चार माध्यमले गर्छ । त्यसैले नै यसलाई चौथो अंग भनिन्छ । सिद्धान्तमा हेर्दा यो निकै सम्मानित र जिम्मेवार भूमिका हो । किनकि पत्रकारिताले सत्ता, शक्ति र समाज सबैलाई जवाफदेही बनाउने काम गर्छ । तर व्यवहारमा हेर्दा कहिलेकाहीँ यही चौथो अंगको नाम नै उल्टो अर्थमा प्रयोग भइरहेको जस्तो लाग्छ ।

आजको समयमा पत्रकारिता धेरै बदलिएको छ । पहिले समाचार खोज्न समय, अनुसन्धान र मिहिनेत चाहिन्थ्यो, तर अहिले मोबाइल, क्यामेरा र इन्टरनेट भए पुग्ने अवस्था छ । जसले गर्दा पत्रकारिता सबैको हातमा पुगेको छ भन्ने राम्रो पक्ष पनि छ, तर समस्या त्यहीँबाट सुरु भएको छ । अहिले 'पहिले पोस्ट गर्ने' होड छ, 'सत्य के हो' भन्ने कुरा पछि परिरहेको छ । युट्युब, फेसबुक, टिकटकमा समाचारभन्दा बढी कन्टेन्ट बनाउने प्रतिस्पर्धा छ । कहिलेकाहीँ लाग्छ पत्रकारिता होइन, भ्युजको दौड चलिरहेको छ । यही कारणले वास्तविक पत्रकार र साधारण कन्टेन्ट क्रिएटरबीचको फरक नै हराउँदै गएको छ ।

यसैबीच सबैभन्दा गम्भीर कुरा के देखिन्छ भने कुनै व्यक्तिमाथि सानो आरोप लाग्नेबित्तिकै उसलाई पूरा अपराधी जस्तो बनाएर प्रस्तुत गरिन्छ। अदालतले फैसला गर्नु अघि नै सामाजिक सञ्जालले फैसला गरिसकेको हुन्छ । यहाँसम्म कि कहिलेकाहीँ लाग्छ, न्यायालयभन्दा छिटो फैसला अब फेसबुक कमेन्टले गर्छ । ब्रेकिङ न्यूजको नाममा व्यक्तिको इज्जत, परिवार र निजी जीवन सबै सार्वजनिक बहसको विषय बन्न पुग्छ । पछि त्यो कुरा गलत भए पनि क्षमायाचना त आउँछ, तर त्यो क्षमायाचना त्यो व्यक्तिको बिग्रिएको जीवन फिर्ता गर्न सक्दैन ।

यसको पछाडि केही वास्तविक कारणहरू पनि छन् । प्रतिस्पर्धा धेरै छ, सबैलाई छिटो समाचार दिनुपर्ने दबाब छ, अनि क्लिक र भ्युजले पैसा निर्धारण गर्छ । त्यसैले कहिलेकाहीँ सत्यभन्दा सनसनी धेरै बिक्छ । अहिलेको पत्रकारिता कतै न कतै 'सूचना दिने पेशा' भन्दा बढी 'दर्शक तान्ने व्यवसाय' जस्तो हुन थालेको छ। यसैले गर्दा पत्रकारिता पढिरहेका विद्यार्थीहरूलाई पनि कहिलेकाहीँ डर लाग्छ, हामी जुन पेशा पढ्दैछौं, त्यो साँच्चै पत्रकारिता नै रहने हो कि केवल युट्युब कन्टेन्टको नाम हो ?

अझ व्यंग्य त यहाँ छ कि, चिकित्सक बन्न लाइसेन्स चाहिन्छ, वकिल बन्न अनुमति चाहिन्छ, तर जनताको इज्जत र जीवनसँग प्रत्यक्ष जोडिएको सूचना क्षेत्र भने अझै धेरै ठाउँमा खुला मैदान जस्तो छ । जसले जे मन लाग्यो त्यही लेख्न वा बोल्न सक्ने अवस्था छ । यसले गर्दा जिम्मेवार पत्रकार र गैर जिम्मेवार कन्टेन्ट क्रिएटर एउटै प्लेटफर्ममा मिसिन पुगेका छन्, र समाजले सबैलाई एउटै नजरले हेर्न थालेको छ । तर यसको अर्थ सबै पत्रकार गलत छन् भन्ने होइन । अझै पनि धेरै पत्रकारहरू छन् जसले जोखिम लिएर सत्य खोजिरहेका छन्, भ्रष्टाचार उजागर गरिरहेका छन् र जनताको आवाज उठाइरहेका छन् । समस्या व्यक्तिमा होइन, प्रणाली र प्रवृत्तिमा देखिन्छ । तर समस्या चुप लागेर बस्ने किसिमको पनि होइन, किनकि यसले पत्रकारिताको सम्पूर्ण छविलाई नै असर गरिरहेको छ ।

अन्त्यमा भन्नुपर्दा, सञ्चार माध्यम वास्तवमै समाजको चौथो अंग हो, तर त्यो चौथो अंग तब मात्र सम्मानित रहन्छ जब यसले सत्य, जिम्मेवारी र नैतिकतालाई पहिलो प्राथमिकता दिन्छ। यदि होइन भने, चौथो अंग भन्ने शब्द आफैंमा एउटा ठूलो प्रश्न बन्न सक्छ, सूचना दिने माध्यम हो कि व्यक्तिको इज्जतसँग खेल्ने माध्यम ?

*स्नातक तह प्रथम वर्ष,*
*मकवानपुर बहुमुखी क्याम्पस,*
*हेटौँडा–२*

## विद्यार्थी परिचय



**आनन्द कुमार कुशवाह**
**कक्षा-९, आधुनिक राष्ट्रिय मावि**

आनन्द कुमार कुशवाहा हेटौँडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा ९ कक्षामा अध्ययनरत हुनुहुन्छ । उहाँको घर सर्लाही हो । उहाँ गत वर्षदेखि आधुनिक माविमा अध्ययन गर्दै आउनुभएको छ । उहाँले यसअघि सर्लाहीकै एक विद्यालयमा अध्ययन गर्नु भएको थियो । उहाँको घरमा आमा, बाबा, दिदी, भाइ र उहाँ हुनुहुन्छ । उहाँ अहिले दिदीभाइ र दाइ (सानीमाको छोरा) सँग कोठामा बस्दै आउनुभएको छ । उहाँको आमा गृहिणी हुनुहुन्छ भने बाबा चिनी मिलमा काम गर्दै आउनुभएको छ । उहाँले भविष्यमा डाक्टर बन्ने सपना देख्नुभएको छ । डाक्टर बनेर बिरामीको सेवा गर्ने बताउनुहुन्छ । आमा, बाबाले डाक्टर बन्छु भन्दा साथ दिनुभएको बताउनुहुन्छ । आधारभूत तहको परीक्षामा उहाँले सोचे अनुरूपको नतिजा ल्याउन सक्नुभएको बताउनुहुन्छ । उहाँलाई क्रिकेट खेल्न एकदमै मनपर्ने र विद्यालयले आयोजना गर्ने कार्यक्रमहरूमा पनि भाग दिने गरेको बताउनुहुन्छ। उहाँलाई किताब पढ्न पनि एकदमै धेरै मनपर्ने गरेको छ ।




# हिमालको देश



**सुदीप घलान**

वनजंगल झैं सुन्दर छ हाम्रो हिमाल
हिउँले भरिपूर्ण ढाकिएको हुन्छ हिमाल
जताबाट हेरेपनि राम्रो देखिन्छ हिमाल
हिमाली सुन्दरता हो नेपालको शान ।।

फूलहरु झैं राम्रो छन् हिमाली शृङ्खला
जति खेर पनि हेरु हेरु झौ लाग्ने
मनै लोभ्याउने जस्तै छन् हिमाली सुन्दरता
जति खेर पनि आँखा अगाडि राखु राखु लाग्ने ।।

हिमाली सुन्दरताले मनै लोभ्याउने दृश्य देखाउँछ
जताबाट हेरेपनि हेरुा हेरुँ झैँ लागिरहन्छ
वातावरण नै सुन्दर बनाउँछ जब
देखिन्छ हिमाली शृङ्खला मनै लोभ्याउने ।।

हिमाल हाँसेको देखेर डाँफे पनि नाँच्छन्
कसरी बयान गरुँ म हिमाली सुन्दरताको
जति खेर पनि हँसिलो देखिरहेको हुन्छ
हिमाली सुन्दरताले नै हाम्रो मनलाई लोभ्याउँछ ।।

हिमालको सुन्दरता देखेर पहाड पनि लजाउँछ
त्यति धेरै राम्रो हुन्छ हिमाली सुन्दरता
मनलाई शान्तिले भरिपूर्ण गरिदिन्छ
जब देखिन्छ हिमाली शृङ्खलाको सुन्दरता ।।

**कक्षा-१०, श्रमिक मावि, हेटौंडा-४**

# हामी नेपाली



**रूवस पराजुली**

सगरमाथा उचाइ हाम्रो पौरखी नेपाली
झल्कन्छ हाम्रो पहिचान राम्रो वीर गोर्खाली ।

शक्ति छ यहाँ भक्ति छ यहाँ अथाहा उर्जाको
नेपाली मिली मातृभूमी यो हामीले सजाको ।

गर्दछौं हामी संघर्ष धेरै उकाली ओराली
सरल शान्त गौरव हाम्रो मनमा नेपाली ।

शिरमा हिमाल बिचमा छ पहाड काखमा तराई
जाँदैनौ छोडी यो प्यारो धर्ती अन्यत्रै पराइ ।

सुन्छन् हाम्रा आवाजहरु सारा यस जगतैले
गाउँछन् जब नेपालीहरु साहसी वीरताले ।

एकता छ हाम्रो धर्मका नाममा बेमेल हुँदैन
रहन्छौं हामी नेपाली यहाँ दुष्मन छुँदैन ।

बज्दैन एक्लै बजाए पनि हातको यो ताली
गर्वका साथ भन्दछौं यहाँ हामी हौं नेपाली ।

**कक्षा-८,**
**बालज्योति मावि,**
**हेटौंडा-५**

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति : २०८३/०१/२२ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक : औतार सिं घिसिङ (छोरा)
जग्गावाला : वीरबल घिसिङ (बुवा)

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ८ को तपशिल बमोजिमका जग्गाहरु वीरबहादुर घिसिङको नाममा नापी नक्सा भएको र टिकुलिया मौजाको रैति नं. ४ को रैती वीरबहादुर घिसिङको नाममा साविक भोग-लगत कायम भई उल्लेखित तपशिलका जग्गाहरु दर्ता गर्न छुट भएकोमा निज फिल्डबुकवाला वीरबहादुर घिसिङ भन्ने वीरबल घिसिङको मिति २०५२/०५/२२ मा मृत्यु भएको र निजको हकखाने एक मात्र पत्नी सुकुमाया घिसिङ भन्ने कालीमाया घिसिङको पनि मिति २०३७/०७/२५ मा मृत्यु भएकोमा निजहरुको हकखाने हकदारहरुमा छोराहरु औतार सिं घिसिङ-१, बिमान सिं घिसिङ-१ र बुद्धिमान घिसिङ-१ भएको र उल्लेखित तपशिलका जग्गाहरु निज हकदारहरुले नै साविकदेखि हालसम्म निरन्तर रुपमा हकभोग गरी भोगचलन गरी आएकोले भाइहरु बिमान सिं घिसिङ र बुद्धिमान घिसिङको मंजुरीले निवेदक औतार सिं घिसिङको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनी बकैया गाउँपालिका-६ नम्बर वडा कार्यालयको च.नं. ६५६ मिति २०८२/०२/०७ को वीरवल घिसिङ र वीरबहादुर घिसिङ फरक-फरक नाम गरेको एउटै व्यक्ति फिल्डबुकवाला भएको तथा सुकुमाया घिसिङ र कालीमाया घिसिङ फरक-फरक व्यक्ति नभई एकै व्यक्ति फिल्डयुकवालाकी पत्नी भएको, हकभोग तथा हकदारको व्यहोरा समेत खुली आएको सिफारिसपत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्रहरु, नागरिकता प्रमाणपत्रहरु, साविक लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं. १३६ मिति २०८२/०२/२६ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता नामसारी गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी दिने बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकाशित जारी भएको मितिले ३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपसिल**

| सि.नं. | फिल्डवुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| १. | जग्गावाला | साविक गाविस/नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/ निवेदक | |
| | वीरबहादुर घिसिङ पं. हटिया वडा नं.-८ बुबा: गम्भीर बाजे...... | हटिया | ८ | १०७१ को फोर्ड कि.नं. ४५७३, ४५७४, १०५१ | ०-२-४ ०-८-० २-९-१२ | औतार सिं घिसिङ | जि.म. हटिया टिकुलिया मौजा ४ नं. रैति वीर बहादुर घिसिङ |

ईति संवत २०८३ साल बैशाख महिनाको २२ गते रोज ३ शुभम् ।

## विद्यालय बस खरिद गर्ने सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशन मिति : २०८३ बैशाख ३०)

प्रगति माध्यमिक विद्यालय, हेटौँडाका लागि आवश्यक रहेको विद्यालय बस सार्वजनिक खरिद ऐन, तथा सार्वजनिक खरिद नियमावलीमा उल्लेखित प्रावधान बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सोको आधिकारिक विक्रेताहरुबीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सवारी साधन उत्पादक कम्पनी वा आधिकारिक विक्रेताबाट उक्त सवारी साधन विक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सोको अद्यावधिक नवीकरण भएको पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रमाणित कागजपत्र, उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेसिफिकेसन, मूल्य गुणस्तर तथा सुविधा सहित विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी इच्छुक कम्पनी वा आधिकारिक विक्रेताबाट यही मिति २०८३ जेठ १ गते दिनको १२:०० बजेभित्र विद्यालयमा उपस्थित भई सिलबन्दी निवेदन दर्ता गराउन यो सूचना प्रकाशन गरिएको छ । निवेदन पेस गर्ने अन्तिम दिन विदा परेमा विदा पछिको विद्यालय खुलेको दिन निवेदन पेश गर्न सकिनेछ । थप जानकारीका लागि विद्यालयको इमेलः pragati.htd@gmail.com वा फोन नं. ९८५५०६८४१५ मा सम्पर्क राख्न सकिनेछ ।
स्वीकृत Technical Specification को लागि विद्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रधानाध्यापक
**प्रगति माध्यमिक विद्यालय**
हेटौँडा-९, पशुपतिनगर, मकवानपुर

## जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड

# भलिबल फाइनल खेल्ने टोलीको टुङ्गो



*भलिबल खेलमा सट प्रहार गर्दै खेलाडी ।*

समाज संवाददाता

हेटौँडा: मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तर्गत भलिबलतर्फ फाइनल खेल्ने टोलीको टुङ्गो लागेको छ। मंगलबार सेमिफाइनलको खेलहरु सकिएसँगै छात्र र छात्रा दुबैतर्फको फाइनल खेल्ने टोलीको टुङ्गो लागेको हो ।

छात्रा भलिबलतर्फ भीमफेदी गाउँपालिका र हेटौँडा उपमहानगर पालिका उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ । भीमफेदीले सेमिफाइनलमा बकैया गाउँपालिकालाई २५-५ र २५-१६ को सोझो सेटमा पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ । हेटौँडा उपमहानगरपालिकाले इन्द्रसरोवर गाउँपालिकालाई २५-२२ र २५-२२ को सोझो सेटमा हराउँदै फाइनलको यात्रा तय गरेको छ ।

यस्तै, छात्र भलिबलतर्फ फाइनलमा थाहा नगरपालिका र हेटौँडा उपमहानगरपालिका भिड्ने भएको छ । थाहाले भीमफेदीलाई २५-६ र २५-२१ को सोझो सेटमा र हेटौँडाले बागमती गाउँपालिकालाई २५-११ र २५-६ को सोझो सेटमा हराउँदै फाइनलमा प्रवेश गरेको छ । प्रतियोगिताको फाइनल खेल आज बुधबार हुनेछ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा सोमबारदेखि सुरु भएको रनिङ शिल्ड प्रतियोगिता बुधबारसम्म सञ्चालन हुनेछ । मंगलबार भएको हाइजम्प प्रतियोगितामा छात्रतर्फ कैलाशका नवीन विक पहिलो, बागमतीका अभिषेक थापा दोस्रो र बागमतीकै प्रितम राई तेस्रो स्थान हासिल गर्न सफल भएका छन् । छात्रातर्फ बागमतीकी सविता मोक्तान पहिलो, कैलाशकी गोमा वर्तौला दोस्रो र बकैयाकी प्रीति माझीले तेस्रो स्थान हासिल गरेका छन् । ट्रिपल जम्पमा छात्रातर्फ बागमतीकी मेरिसा राई पहिलो, भीमफेदीकी सपना घिसिङ दोस्रो र बागमतीकै निमा स्याङ्बो तेस्रो हुँदा छात्रतर्फ बागमतीका प्रितम राई, थाहाका सुमित प्रधान र हेटौँडाका मुकेश जोशी क्रमशः पहिलो, दोस्रो र तेस्रो हुन सफल भएका छन् ।

यस्तै, ४ सय मिटरको रिले दौडमा छात्रतर्फ बकैया गाउँपालिका प्रथम, बागमती गाउँपालिका द्वितीय र मनहरी गाउँपालिका तृतीय भएको छ। छात्रातर्फ भने बागमती पहिलो, मकवानपुरगढी दोस्रो र बकैयाले तेस्रो स्थान हासिल गरेको छ । १६ औं संस्करणको जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा मकवानपुरका ९ वटा पालिकाले सहभागिता जनाएको छ। राक्सिराङ गाउँपालिका कुनै पनि प्रतियोगितामा सहभागी भएको छैन ।

## थाहा विद्यालय आइतबार खुल्ने

समाज संवाददाता

हेटौँडा: मकवानपुरको थाहा नगरपालिका अन्तर्गतका विद्यालयहरु आइतबार पनि खुल्ने भएको छ । पालिकाले मंगलबार एक सूचना जारी गर्दै आइतबार सामुदायिक र संस्थागत विद्यालय सञ्चालन गर्ने जनाएको छ ।

पालिकाका शिक्षा शाखा अधिकृत माधवविक्रम मल्लका अनुसार संस्थागत विद्यालयहरु यसअघि नै सञ्चालन भइरहेका थिए । पाठ्यक्रम र कार्यघण्टा समायोजन नहुँदा शैक्षिक क्षति हुने भएकोले अर्को व्यावस्था नहुन्जेलसम्मका लागि कक्षा सञ्चालन गर्न लागिएको सूचनामा उल्लेख गरिएको छ । अधिकृत मल्लका अनुसार आइतबार विद्यालय बन्दा हुँदा पाठ्यक्रमले तोकेको विषयवस्तु पूरा गर्न नसकिने भएका कारण कक्षा सञ्चालन गर्नुपर्ने भएको हो ।

वर्षे विदा कटौती गर्ने अवस्था पालिकामा नभएको उहाँको भनाइ छ । भौगोलिक विकटताका कारण वर्षाको समयमा विद्यार्थीहरु विद्यालयमा उपस्थित हुने अवस्था नभएको उहाँले बताउनुभयो। संघीय सरकारको निर्णय भए पनि आइतबार विद्यालय बन्द गर्दा कोर्स पूरा गर्ने अवस्था नभएपछि विद्यालय सञ्चालन गरिएको उहाँको भनाइ छ ।

थाहा नगरपालिकाभित्र ५३ वटा सामुदायिक विद्यालय रहेका छन् । नगरपालिकामा ११ वटा संस्थागत विद्यालय रहेका छन् । जिल्लाको मकवानपुरगढी, कैलाश, इन्द्रसरोवर र मनहरी गाउँपालिकाका विद्यालयहरु आइतबार बन्द रहेका छन् । हेटौँडा उपमहानगरपालिकाका विद्यालयहरु सञ्चालनमा रहेका छन् भने मनहरीका केहि संस्थागत विद्यालय सञ्चालनमा रहेका छन् ।

## अनुमतिबिना सञ्चालित शैक्षिक संस्थाहरू बन्द गर्न निर्देशन

समाज संवाददाता

हेटौँडा: अनुमतिबिना सञ्चालित शैक्षिक संस्थाहरू बन्द गर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरले अल्टिमेटम दिएको छ । कार्यालयले मंगलबार एक सूचना जारी गरी जिल्लाभित्र अनुमति नलिई सञ्चालनमा रहेका शैक्षिक परामर्श सेवा, पूर्वतयारी कक्षा तथा भाषा शिक्षण संस्थाहरूलाई तीन दिनभित्र बन्द गर्न निर्देशन दिएको छ ।

'सम्बन्धित निकायबाट आवश्यक अनुमति नलिई गैरकानुनीरूपमा समेत यस्ता संस्थाहरू सञ्चालनमा रहेको जानकारी प्राप्त हुन आएको र यस्तो कार्य प्रचलित कानुनविपरीत रहेकाले यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र आफ्ना सम्पूर्ण शैक्षिक तथा प्रशासनिक क्रियाकलाप पूर्णरूपमा बन्द गर्न निर्देशित गरिन्छ ।' सूचनामा उल्लेख छ । कार्यालयले तोकिएको समयभित्र निर्देशनको पालना नगरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनीसमेत दिएको छ ।

मकवानपुर जिल्लाभित्र विभिन्न शैक्षिक परामर्श केन्द्र (कन्सल्टेन्सी), लोकसेवा तथा अन्य प्रतिस्पर्धात्मक परीक्षाका पूर्वतयारी कक्षाहरू र विदेशी भाषा शिक्षण केन्द्रहरू ठूलो संख्यामा सञ्चालनमा रहेका छन्। तीमध्ये कतिपयले दर्ता र अनुमति प्रक्रिया पूरा नगरेको गुनासो आएपछि प्रशासनले यो कदम चालेको हो ।

## हेटौँडाको प्रअ बैठक

# आइतबारको विदा पालना गरिने

समाज संवाददाता

हेटौँडा: हेटौँडा उपमहानगर पालिका शिक्षा विकास महाशाखाको आयोजनामा मंगलबार नगरका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूको बैठक तथा छलफल सम्पन्न भएको छ। बैठकमा विशेषगरी नयाँ शैक्षिक सत्रको तयारी, शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन र शैक्षिक सूचना व्यवस्थापन प्रणालीजस्ता समसामयिक विषयहरूमा छलफल गरिएको थियो ।

छलफलका क्रममा पछिल्लो समय चर्चामा रहेको आइतबार विद्यालय विदा दिने विषय पनि उठेको थियो । सो विषयमा हेटौँडा उपमहानगरपालिकाले केन्द्र सरकारको निर्देशनलाई नै पालना गर्ने जनाएको छ । संघीय सरकारको नीति र निर्देशनबमोजिम नै विद्यालयहरू सञ्चालन हुने जानकारी बैठकमा दिइएको थियो ।

शिक्षा विकास महाशाखाका निमित्त प्रमुख हरिचन्द्र सापकोटाको सभाध्यक्षतामा भएको बैठकमा हेटौँडा उपमहानगरपालिकाकी नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य थियो । विशिष्ट अतिथिका रूपमा महिला बालबालिका तथा समावेशीकरण महाशाखा प्रमुख एवम् निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्णुकुमारी लामिछानेको उपस्थिति रहेको थियो ।

शिक्षा विकास महाशाखाका रमेश विडारीले कार्यक्रममा सजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । बैठकमा हेटौँडा उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूको सहभागिता रहेको थियो ।

## सर्पदंशबाट कल्पनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : दोलखा जिल्लाको बैतेश्वर गाउँपालिका-७, माझीबस्तीमा सर्पले टोकेर एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ३६ वर्षीया कल्पना तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सोमबार दिउँसो १२ बजेर ३० मिनेटको समयमा बाखा चराउन गएका बेला सर्पले टोकेर तामाङ गम्भीर घाइते भएकी थिइन् । उनलाई उपचारका लागि लालीगुराँस सामुदायिक अस्पताल लगिएको थियो । उपचारका क्रममा २ बजेर २५ मिनेटको समयमा उनको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## स्कुटर दुर्घटनामा सन्तोषको मृत्यु

समाज संवाददाता

हेटौँडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, पुलचोकमा स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । सोमबार दिउँसो १२ बजेको समयमा शहिदचोकबाट पुलचोकतर्फ जाँदै गरेको बा प्र ०२-०४३ प ८२२० नम्बरको स्कुटर आफैं अनियन्त्रित भई सडक डिभाइडरमा ठोक्किँदा दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

दुर्घटनामा तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिका-६, देउरालीका २८ वर्षीय सन्तोष गुरुङ गम्भिर घाइते भएका थिए । उनलाई उपचारका लागि चितवन मेडिकल कलेज लगिएको थियो । उपचारको क्रममा १२ बजेर ४४ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

## एसईईमा मनहरीबाट २९ प्रतिशत विद्यार्थी ग्रेडेड

समाज संवाददाता

हेटौँडा: मकवानपुरको मनहरी गाउँपालिकाबाट माध्यमिक शिक्षा परीक्षा (एसईई)मा १४३ जना (२९.२४) प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । पालिकाभित्र रहेको सामुदायिक र संस्थागत गरी १२ वटा विद्यालयबाट ४ सय ८९ जना परीक्षामा सहभागी भएकोमा १४३ जनामात्रै ग्रेडेड भएको पालिकाका शिक्षा शाखा अधिकृत प्रदिप पराजुलीले बताउनुभयो ।

पालिकाभित्र रहेको सामुदायिक विद्यालयतर्फ मनहरी-१, मकरीस्थित बालजीवन ज्योति माविबाट ४३.७५ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । विद्यालयबाट ४८ जना परीक्षामा सहभागी भएका थिए भने २१ जना ग्रेडेड भएका छन् । मनहरी-८, सिम्पानीस्थित महेन्द्र किरणबाट परीक्षामा ७९ जना सहभागी भएकोमा १२ जना ग्रेडेड भएका छन् । मनहरी-५ स्थित भोजसिद्ध माविबाट ३६ जनामा ३ जना, मनहरी-२, भुन्द्रङटाँडीस्थित सीता माविबाट २७ जनामा ४ जना, मनहरी-४ स्थित पशुपतिनाथ माविबाट ४१ जनामा ६ जना, मनहरी-३ स्थित महेन्द्रज्योति माविबाट २९ जनामा ८ जना, मनहरी-७ स्थित राष्ट्रिय रोटरी माविबाट ६२ जनामा २१ जना, मनहरी-६, सुनाचुरीस्थित राष्ट्रिय माध्यमिक विद्यालयबाट ४९ जनामा ८ जना र मनहरी-७, विजौनास्थित राष्ट्रिय माध्यमिक विद्यालयबाट ३८ जनामा ७ जना ग्रेडेड भएका छन् ।

पालिकाभित्र रहेका संस्थागत विद्यालयतर्फ मनहरी-७ को युनिभर्सल लर्निङ एकेडेमीले ६९.५७ प्रतिशत नतिजा हासिल गरेको छ । विद्यालयबाट २३ जना विद्यार्थी परीक्षामा सहभागी भएकोमा १६ जना विद्यार्थी ग्रेडेड भएका छन् । मनहरी-७ स्थित मेरीगोल्ड टाइनिटस बोर्डिङ स्कुलबाट १६ जनामा ११ जना तथा युनिभर्सल लर्निङ एकेडेमीबाट ४१ जनामा २६ जना ग्रेडेड भएका छन् ।

गत वर्षको तुलनामा यसवर्ष नतिजामा केहि सुधार भएको छ । गतवर्ष मनहरी-२, भुन्द्रङटाँडीस्थित सीता माविको नतिजा शून्य थियो भने यस वर्ष नतिजा सुधार गरेको छ ।

## खोलामा डुबेर बालकको मृत्यु

समाज संवाददाता

हेटौँडा : मकवानपुरको बागमती गाउँपालिका-५, टाकेमा खोलामा डुबेर बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा १० वर्षीय आयुष लोप्चन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौडाले जानकारी दिएको छ ।

सोमबार साँझ ५ बजेर ३० मिनेटको समयमा आयुष आफ्नै घरबाट ५ सय मिटर उत्तरतर्फ रहेको बागमती खोलामा पौडी खेल्ने क्रममा पानीमा डुबेका थिए । डुबिरहेको अवस्थामा स्थानीयले उद्दार गरी घर ल्याउँदा उनको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। मुचुल्का पश्चात शव पोस्टमार्टमका लागि हेटौँडा अस्पताल ल्याएको छ भने घटनाबारे थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

**फुल फर्निस्ड सटर विक्रीमा**

**हेटौँडा-४, हेटौँडा क्याम्पस अगाडि रहेको लेडिज फेन्सी तथा कस्मेटिक्स पसल सञ्चालन गर्न उपयुक्त हुने फुल फर्निस्ड सटर विक्रीमा रहेकोले व्यवसाय गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला** । सम्पर्क : ९८४५१-२७०३८

**नि:शुल्क तालिम सम्बन्धी सूचना**

हेटौँडा उपमहानगरपालिकाको आर्थिक सहयोग र बागमती एजुकेशन कन्सल्टेन्सी प्रा.लि.को व्यवस्थापनमा १८० घण्टा (१ महिना) अवधिको नि:शूल्क जनरल कुक तालिम सञ्चालन हुन लागेको हुँदा हेटौँडा उपमहानगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने इच्छुक नेपाली नागरिकहरुले तपसिलमा उल्लेख गरिएको कागजातसहित तालिम फारम भरी मौकाको फाइदा उठाउनुहुन जानकारी गराइन्छ ।

**तालिमको विषय : जनरल कुक**
प्रशिक्षार्थी संख्या : ४०
अवधि : १८० घण्टा (१ महिना)

**आवश्यक योग्यता :**
१. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने,
२. कक्षा ८ उत्तीर्ण भएको हुनुपर्ने,
३. हेटौंडा उपमहानगरपालिका भित्र स्थायी रुपमा बसोबास भएको हुनुपर्ने ।

**आवश्यक कागजातहरू :**
१. नेपाली नागरिकताको प्रतिलिपी ।
२. पासपोर्ट साइजको फोटो २ प्रति ।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

फारम भर्ने अन्तिम मिति: २०८३/०२/०५ गतेसम्म
फारम पाइने स्थान : हेटौँडा उपमहानगरपालिकाको कार्यालय, उद्योग तथा वाणिज्य शाखा (चौथो तल्ला) र बागमती एजुकेसन कन्सल्टेन्सी प्रा.लि., हेटौँडा-४, स्कुलरोड,

**सम्पर्क नं:**
**०५७-५९१२४३, ९८५५०६८२४३, ९८६६३९४९२५**




**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बााझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

**थप जानकारीको लागि HRL**
**हेटौंडा रिफरेन्स ल्यावरोटरी**
**हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७**




Contact : 9807171993/9741681458 TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email: sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ